☎ ०८२-५४०८५०

लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२ मिति:२०८१/०९/२५

च.नं.: ९५५

## आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी तथा औषधीजन्य सामग्री खरिदको विद्युतीय सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

*प्रथम पटक प्रकाशित मितिः २०८१/०९/२५*

यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङमा आ.व.२०८१/०८२ मा आवश्यक पर्ने आधारभूत तथा आकस्मिक सेवाको लागि औषधि औजार उपकरण तथा सामाग्री सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा नियमावली २०६४ को नियम ८४ १(क) बमोजिम खरिद गर्नुपर्ने भएकोले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका इच्छुक फर्म/कम्पनीहरुले दरभाउपत्र खरिद गरि देहायको मिति र समय भित्र विद्युतीय सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन मिति २०८१/१०/१० गते यस लमही नगरपालिकाको नाममा रहेको आन्तरिक राजस्व राष्ट्रिय बाणिज्य बैक लमही,दाङ मा रहेको आन्तरिक राजश्व खाता नं. ४२९०१००३०१०१०००२ मा रु १०००/-(अक्षरेपी रु एक हजार मात्र ।) आन्तरिक राजश्व बमोजिमको दस्तुर जम्मा गरेको बैक भौचर पेश गर्नु पर्ने छ ।

२. यो सूचना प्रकाशन भएको मितिले १६ औं दिन मिति २०८१/१०/११ दिनको १२:०० बजेसम्म विद्युतीय माध्यमबाट व्यवसायी दर्ता प्रमाण पत्र नविकरण प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र तथा आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्रको प्रतिलिपि सहित निवेदन पेश गरी सक्नुपर्ने छ र सो समयमा पेश हुन आएका विद्युतीय दरभाउपत्रहरु कार्यालय प्रतिनिधिहरु र दरभाउपत्रदाताको रोहवरमा सोही दिनको २:०० बजे खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्रदाताले दरभाउपत्र र तोकिए बमोजिम धरौटी रकम यस कार्यालयको नाममा रहेको रा.बा.बैक लमही ,दाङ धरौटी खाता नं. ४२९०१००३०३०००००२ मा जम्मा गरेको बैक भौचर बा सो बराबरको खोलिने अन्तिम मितिले ७५ दिन म्याद भएको बैक ग्यारेन्टी विद्युतीय दरभाउपत्र साथ पेस गर्नुपर्ने छ ।

३. यस कार्यालयले उपलब्ध गराएको BOQ मा उल्लेख भएको औषधि,औषधिजन्य सामग्रीको स्पेशिफिकेशन BOQ मा भए बमोजिमको हुनुपर्नेछ ।

Scanned with CamScanner

४. विद्युतीय दरभाउपत्र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन हुनेछ ।

५. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.ब. २०८१/०८२ को लागि भएकोले असाढ मसान्तसम्म कुनै प्रकारको मूल्य बृद्धिलाई स्वीकार गरिने छैन ।

६. औषधि तथा औषधिजन्य सामग्रीको म्याद समाप्त हुने हकमा पूर्ण म्यादको कम्तीमा पनि ७५ प्रतिशत म्याद बाँकी भएको हुनुपर्नेछ र GMP Certified कम्पनीको औषधिहरु हुनुपर्नेछ ।

७. सप्लाई हुने औषधिहरुको प्रत्येक प्याकिङ्गमा प्याकिङ्गको बाहिर उत्पादन मिति, Expire Date, ब्याच नम्बर अनिवार्य उल्लेख भएको हुनुपर्नेछ ।

८. भुक्तानी बिल संगै औषधि तथा औषधिजन्य सामग्रीहरुको Batch No. र Expiry Date समेत उल्लेख हुनुपर्नेछ र भौतिक गणना गर्दा बिलमा उल्लेख भएको Batch No. र Expiry Date औषधि तथा औषधिजन्य सामग्रीहरुमा उल्लेख भए अनुरुप मेल खानु पर्नेछ ।

९. नि:शुल्क वितरण गर्नुपर्ने औषधिमा नि:शुल्क वितरणको लागि भनी उल्लेख भएको हुनुपर्नेछ ।

१०. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट गरेको ठाँउमा सही छाप गरेको हुनुपर्नेछ।

११. दरभाउपत्र प्याकेज अनुसार मूल्यांकन गरिनेछ । दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१२. सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको आफ्नो स्वार्थ नबाझिएको पेशा वा व्यावसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्व:घोषणा गरेको पेश गर्नुपर्नेछ ।स्व:घोषणा पेश नगरेको दरभाउपत्रलाई मान्यता दिईनेछैन ।

१३. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ तथा नियमानुसार हुनेछ ।

१४. औषधि तथा औषधिजन्य सामग्री विवरण-

| क्र.सं. | विद्युतीय दरभाउपत्र नं. | सामग्रीको विवरण | फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १ | स्वा. ई.१/०८१/०८२ | आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि तथा औषधिजन्य सामग्री । | १,०००/- | ४६,५१७/- |

............
प्रकाश दवकोटा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner